CG|MOTORS

**CG Motors Pvt. Ltd.**
Chaudhary House
Sanepa-2, Lalitpur, Nepal
T : +977-1-5525041, 5525093

**PAN No. 304468436**

मिति: २०८०/०२/२६

श्री भन्सार विभाग
रसुवागढी भन्सार कार्यालय
रसुवा, नेपाल

**विषयः व्याट्री रिसाइक्लीङ गर्ने सम्बन्धमा सिजी मोटर्सको योजना जानकारी गराएको बारे।**

महोदय,

यस सिजी मोटर्स, नेपालले सरकारले लिएको इन्धनमा आधारित सवारी साधनलाई निरुस्तासाहित गर्दै विद्युतिय सवारी साधानलाई प्रवर्धन गर्ने नितीलाई मध्यनजर गर्दै चिनबाट विद्युतिय सवारी साधनहरु आयात गरिरहेको जानकारी गराउँदछौं।

यसै सन्दर्भमा विद्युतिय सवारी साधनहरुमा प्रयोग हुने व्याट्री उत्पादनको लगभग ९० प्रतिशत व्याट्री हाल चिनमा उत्पादन भइरहेको छ। चिनमा अवस्थित CATL कम्पनीले उत्पादन गरेका व्याट्रीहरु हामीले आयात गर्ने विद्युतिय गाडीहरुमा प्रयोग भइरहेका छन्। विद्युतिय सवारीमा प्रयोगहुने व्याट्रीको आयु आठ वर्षको रहेको छ। CATL ले उत्पादन गरेका व्याट्रीले राम्रोसँग कार्य गरिरहेको र टेक्निकल इरर भित्र पर्ने गरी हालसम्म यसको असफलताको दर एकदमै नगन्य रहेको र जसलाई प्रतिशतमा देखाउँदा ०.१ प्रतिशत रहेको छ, यसबाट के प्रष्ट हुन्छ भने प्रत्येक १ हजार व्याट्री प्रयोग गर्दा १ वटा व्याट्रीले मात्र अपेक्षाकृत कार्य नगरेको देखिन्छ।

माथिको आँकडालाई मध्यनजर गरी विद्युतिय गाडीले प्रयोग गरिसकेका ८ वर्ष समयावधी पुगेका व्याट्रीहरुलाई रिसाइक्लीङ गर्नको लागि हामीले चाइनामा अवस्थित तल उल्लेखं गरिएका ठूला कम्पनीहरुसँग समन्वय र सहकार्य गरी व्याट्री रिसाइक्लीङ गर्ने योजना बनाएको जानकारी गराउँदछौं।

**विश्व प्रख्यात यि कम्पनीहरुमा क्रमशः**

- Contemporary Amperex Technology Co., Limited (CATL),
- GEM Co., Ltd.,
- BRUNP Recycling Technology Co., Ltd.,
- Retriev Technologies,
- Hunan Brunp Recycling Technology Co., Ltd.,

रहेका छन्।

यि कम्पनीहरुसँग विद्युतिय सवारीका व्याट्रीहरुको रिसाइक्लीङ गर्ने सम्बन्धमा व्यापक विशेषज्ञता र अनुभव रहेको छ। हामीलाई विश्वास छ, विश्व प्रख्यात कम्पनीहरुको संलग्नताबाट उचित वातावरणीय मापदण्डको पालना गर्दै यसमा प्रयोग हुने बहुमुल्य धातुको निकासीलाई प्रभावकारीरुपमा अगाडी बढाइने विश्वास दिलाउन चाहन्छौं।

CG|MOTORS

CG MOTORS

CG Motors Pvt. Ltd.
Chaudhary House
Sanepa-2, Lalitpur, Nepal
T : +977-1-5525041, 5525093

PAN No. 304468436

हामीले व्याट्रीहरुको रिसाइक्लीङ गर्ने प्रकृयामा आवद्ध भएर दिगोविकासलाई प्रवर्द्धन गर्ने र अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्य राखेका छौं । हामीले चाल्ने यो कदम वातावरणीय जिम्मेवारीप्रति हाम्रो प्रतिवद्धता हो र व्याट्रीहरुको वातावरणीय प्रभावलाई कम गर्ने हाम्रो प्रतिवद्धता समेत यसबाट प्रष्ट भएकोछ ।

व्याट्री रिसाइक्लीङ गर्ने सम्बन्धमा सिजी मोटर्सको योजनालाई मध्यनजर गर्दै यहाँहरुबाट सकारात्मक सहयोग प्राप्त हुने विश्वास लिएकाछौं ।

धन्यवाद !

**भवदीय**

CG|MOTORS

सि.जी. मोटर्स प्रा. लि.
सुमन घिमिरे
सहायक महाप्रबन्धक